नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## आठ वटा जलविद्युत आयोजनाहरु निजी लगानीकर्ताहरुद्वारा निर्माण गराउने सम्बन्धी प्रेस विज्ञप्ति

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६५ पुष ९ गतेको निर्णयानुसार स्वीकृत **राष्ट्रिय विद्युत संकट निरुपण कार्ययोजना, २०६५** को बुदाँ नं २४ मा उल्लेख भए अनुसार नेपाल सरकारले अध्ययन गरेका सात जलविद्युत आयोजनाहरु र नेपाल सरकारको स्वामित्वमा रहेको एक जलविद्युत आयोजनाको पारदर्शी प्रकिया अपनाई प्रतिस्पर्धाको माध्यमबाट **BOOT** सिद्धान्तको आधारमा निजी क्षेत्रलाई प्रदान गर्नका लागि मिति २०६६ श्रावण १९ इच्छुक र सक्षम प्रबर्द्धकहरुबाट सार्वजनिक सूचनामार्फत् प्रस्ताव आह्वान गरिएको थियो ।

विभिन्न तेत्तीस सम्भाव्य प्रबर्द्धकहरुबाट ६६ वटा **Request For Porposals** खरीद भएकोमा प्रस्ताव बुझाउने अन्तिम समयमा विभिन्न १६ वटा प्रबर्द्धकहरुबाट ६ वटा जलविद्युत आयोजनाको विकास गर्न आर्थिक एवं प्राविधिक प्रस्तावहरु प्राप्त भएका छन् । सिङ्गटी जलविद्युत आयोजना (६.४ मेगावाट) को लागि ६ वटा, तल्लो सोलु (४०.० मेगावाट) र सोलु जलविद्युत आयोजना (१५.२४ मेगावाट) को लागि ४/४ वटा, खारे जलविद्युत आयोजना (१४.७ मेगावाट) को लागि ३ वटा, मायाँ खोला जलविद्युत आयोजना (५.० मेगावाट) को लागि २ वटा र मेवा खोला जलविद्युत आयोजना (१०.० मेगावाट) को लागि १ वटा प्रस्तावहरु प्राप्त भएका छन् ।

उक्त प्रस्तावहरुलाई नियमानुसार मूल्याङ्कन प्रक्रियामा लगिएको र यस सन्दर्भमा प्रक्रिया पूरा गरी सक्षम प्रवर्द्धकहरुलाई आयोजनाहरु विकास गर्न निजी क्षेत्रलाई दिइने छ ।

**(अनुप कुमार उपाध्याय)**

सहसचिव एवं प्रवक्ता